राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

सूचना

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

वर्ष-१२ ।। अङ्क : १४५ ॥ २०७७ असोज ०१ गते बिहिबार (17th Sep. 2020,Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

५७ वर्षपछि पाटापुरबासीहरूलाई लालपूर्जा

इलाम (प्रस) । इलाम रोङ गाउँपालिका ६ पाटापुरका वयोवृद्ध लालसिंह राईले ५७ वर्षपछि आफू बसेको जग्गाको धनीपूर्जा पाउँदा आँशु झारे। १२ पटकसम्म आएको कुनै पनि सुकुम्बासी आयोगले दिन नसकेको लालपूर्जा गाउँपालिकाको व्यवस्थित वसोवास समितिले दिएपछि उनले हर्षले आँशु झारेका हुन्। २०२० सालदेखि रोङ गाउँपालिका ६ पाटापुरमा अव्यवस्थित रुपमा सुकुम्बासीहरु बसोबास गर्दै आएका छन् । यतिका वर्षसम्म उनीहरुले आफूले बसेको जग्गाको लालपूर्जा पाएका थिएनन् ।

त्यसैगरी स्थानीय बलबहादुर कट्वाल पनि लालपूर्जा पाउँदा औधी खुशी देखिए । यतिका वर्षसम्म भूमिहीन भएर बल्ल जग्गाधनी बन्न पाउँदा उनीमा पनि हर्षको सीमा रहेन । लालसिंह र बलबहादुरसँगै पाटापुरका १९ परिवारले आज लालपूर्जा पाएका हुन् । लालपूर्जा पाउने अन्यहरुमा खिनमाया बलमपाखी मगर , भोजकुमार तामाङ, दिलबहादुर राई , टंकबहादुर मगर , टीकामाया राई , इन्द्रमाया रानामगर , विनिताकुमारी राई , लक्ष्मी तामाङ, तारामान राई , भक्तबहादुर राई , रेनीकुमारी राई , विष्णुकुमार राई , कुमार राई , युवराज राना , पूर्णबहादुर राई र भीमबहादुर राई रहेका छन् । बसोबास गरेको करिव ६ दशकपछि घरमै लालपूर्जा पाउँदा पाटापुरबासीहरु खुशी देखिए । ' वर्षौंसम्म सुकुम्बासी हुँदासम्म कुनै पनि सुकुम्बासी आयोगले लालपूर्जा दिएन' हातमा पूर्जा लिएका लालसिंहले भने ,' स्थानीय सरकार नआएको भए हामीले अझै पनि पाउँदैनथ्यौ होला ।' उनलाई लालपूर्जा वितरण गर्दै गाउँपालिका अध्यक्ष शम्सेर राईले आफूले पाएको जग्गा नबेच्न आग्रह गरे । उनले २०२० सालदेखि बसोबासरत् पाटापुरबासीहरुको जग्गा २०२८ सालको नापी टोलीले नाप गरी बाउन्ड्री गरेर २०५२ सालको सुकुम्बासी आयोगले लालपूर्जा दिन नसक्दा आफूहरुले पूर्जा दिएको बताए । रोङ गाउँपालिकाको प्रमुख समस्याको रुपमा रहेको सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्यालाई प्राथमिकतामा राखी गाउँपालिकाले २०७५ सालको असोजमा टंक थापाको संयोजकत्वमा ५ सदस्यीय व्यवस्थित बसोबास समिति गठन गरी काम अगाडि बढाएको थियो । त्यस समितिले पहिलो चरणमा १९ परिवारलाई पूर्जा वितरण गरेको हो । वडा नं ६ को पाटापुरमा ८७ अव्यवस्थित परिवार रहेका छन् । उनीहरुलाई प्रक्रिया पुऱ्याई क्रमश लालपूर्जा वितरण गरिने अध्यक्ष राईले बताए । सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या रोङ गाउँपालिकाको लागि प्रमुख रहेको छ । ६ वटा वडा रहेको रोङ गाउँपालिकाभरि ४७४ परिवार सुकुम्बासी र अव्यवस्थित बसोबासको रुपमा रहेको व्यवस्थित वसोवास समितिले जनाएको छ । पाटापुरमा आयोजित एक कार्यक्रमका बीच उनीहरुलाई लालपूर्जा वितरण गरिएको हो । कार्यक्रममा वडा नं ६ का वडाध्यक्ष मणिकुमार स्याङ् वोले २०५२ सालको नोवेल केमी राईको अध्यक्षतामा रहेको सुकुम्बासी आयोगले बनाएको मापदण्डलाई टेकेर एक परिवारलाई २० रोपनीसम्मको जग्गाको पूर्जा वितरण गरिएको बताए । उनले अन्य सुकुम्बासी परिवारहरुको कागजात मालपोत कार्यालयमा प्रक्रियामा रहेको भन्दै हप्ता-दश दिनमा थपलाई पूर्जा वितरण गरिने जानकारी दिए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य चन्द्र मगर , नेकपा रोङ अध्यक्ष बृहष्पति खतिवडा , नेपाली काँग्रेस रोङ सभापति देवीप्रसाद अर्याल , व्यवस्थित वसोवास समितिका सदस्य वीरबहादुर लाप्चा , ६ नं वडा सदस्य विक्रम राईलगायतले बोल्दै पाटापुरबासीहरुले लालपूर्जा पाउनु खुशीको कुरा भएको बताए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष चन्द्रकला राई , प्रमुख प्रशासकीय अधिकृत प्रयास भट्टराई , ५ नं वडाध्यक्ष युवराज राई , वडा सदस्यहरु सुमित्रा योञ्जन , कुमारी दर्जीलगायतको उपस्थिति रहेको थियो ।

वर्षाले तरकारी उत्पादनमा ७० प्रतिशत गिरावट

बिर्तामोड (प्रस) । निरन्तरको वर्षाले झापामा यो वर्ष ७० प्रतिशत तरकारी उत्पादनमा गिरावट आएको छ । झापाको गौरीगञ्ज, बुद्धशान्ति, अर्जुनधारा, कमल, बिर्तामोडलगायत क्षेत्रमा लगाइएको तरकारीमा वर्षाका कारण उत्पादनमा कमी आएको हो ।

विशेषगरी पछिल्लो समय बेमौसमी तरकारीले राम्रो बजार पाउने भएसँगै खेती बढ्दै गएपनि यो वर्ष अत्यधिक वर्षा भएका कारण बिरुवा नै उत्पादन गर्न नसकेको किसान बताउँछन् । जसकारण तरकारीको मूल्य पनि अत्यधिक वृद्धि भएको छ ।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख निलकमल सिंहले यो वर्ष वर्षाले उत्पादन गर्न नसकेको भएता पनि यति नै क्षति भयो भन्ने गुनासो कृषकबाट नआएको बताए । झापामा गत वर्ष ५८ वटा व्लक मार्फत् तरकारीलगायत खेती हुँदै आएकोमा टनेल बाहेक खेती गर्ने कृषकले तरकारी उत्पादन गर्न नसकेको बताए । उनले वैदेशिक रोजगारीबाट फर्केर आफ्नै मुलुकमा केही गरौं भन्ने उद्देश्य लिएका युवामा भने निरासा पैदा भएको जनाए ।

झापाको अर्जुनधारा नगरपालिकामा मामाभाञ्जा कृषि फार्म सञ्चालन गर्दै आएका निर्मल अधिकारी बिरुवा उत्पादन हुन नसक्दा सिजनमा तरकारी उत्पादन गर्न कठिनाइ भएको बताउँछन् । "यो सिजन उत्पादन गरेको तरकारी महँगो मूल्यमा बिक्री हुन्थ्यो" उनले भने, "उत्पादन गर्न नसक्दा सोचेअनुरुप आम्दानी नहुने भयो ।"

फार्ममा हाल उनीहरुले २० विगाहमा तरकारी खेती गर्दै आएका छन् । यतिखेर बोडी, करेला, काँक्रा, कोपी, टमाटर, सिमी, क्याप्सिकोन, फर्सी लगायतका तरकारी लगाउने तयारी भएको थियो । तर, विरुवा उत्पादनमा ढुसीजन्य रोग लागेपछि समस्या भएको छ ।

बिर्तामोड नगरपालिकाका कृषि अधिकृत राजेन्द्र कडरियाका अनुसार टनेल भित्रै पनि तापक्रम नमिल्दा बिरुवा उत्पादन हुन नसकेको बताउँछन् । उनी भन्छन्, "यो वर्ष ७० प्रतिशतभन्दा बढी तरकारी उत्पादनमा गिरावट आउने छ ।" अत्याधिक वर्षाका कारण आउँदै गरेको चाडपर्वमा तरकारीको मूल्य थप आकासिने कडरिया बताउँछन् । झापाका अधिकांश कृषकले आफूले खानका लागि लगाएको तरकार ीसमेत पानीले डुवाउ भएपछि बजारको भर पर्नु परेको छ ।

झापाको उपज बजार केन्द्रमा भारत र पहाडी जिल्लाबाट आयात भएका तरकारी मात्र बिक्री भइरहेको पाइएको छ । झापा लगायत तराई क्षेत्रमा उत्पादित तरकारी बजारमा नआएको स्थानीय व्यवसायीको भनाइ छ ।

कोटीहोम पिसिआर प्रयोगशालाको उद्घाटन

सुरुङ्गा (प्रस) । एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट कनकाई नगरपालिकाको कोटीहोममा स्थापना भएको कोरोना भाइरस परीक्षण गर्ने पिसिआर प्रयोगशालाको उद्घाटन भएको छ ।

बुधबार एक कार्यक्रमका बीच प्रदेश १ का प्रमुख सोमनाथ अधिकारी प्यासीले कनकाई कोटिहोमस्थित समर्पण भवनमा स्थापना भएको प्रयोगशालाको उद्घाटन गरेका हुन् ।

एकका लागि एक अभियानको पूर्ण सहयोगमा जनस्तरबाट स्थापित प्रयोगशाला प्रदेश सरकारअन्तर्गत मेची अस्पताल मातहतमा रहनेछ । अभियानले केही दिनअघि अस्पताललाई प्रयोगशाला हस्तान्तरणबारे सम्झौतापत्रमा हस्ताक्षर गरेको थियो ।

पिसिआर मेसिन तथा ल्याबका लागि आवश्यक सम्पूर्ण उपकरणका खरिद गरेर सञ्चालनको अवस्थामा पुऱ्याएर सरकारलाई जिम्मा लगाइएको अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए । करिब एक करोड रुपैयाँको लागतमा अभियानले प्रयोगशाला निर्माण गरेको हो ।

अमेरिकामा बनेको सो मेसिन अत्याधुनिक रहेको छ । कार्यक्रममा संयोजक गिरीले सरकारलाई सहयोग पुग्ने हिसाबले रेडक्रससँगको सहकार्यमा प्लाज्मा संकलनका लागि पनि अभियानले सहयोग पुऱ्याउने जानकारी दिए । प्रयोगशाला उद्घाटनपछि प्रमुख अतिथि प्यासीले अभियानको प्रशंसा गरेका थिए । सरकारले गर्नुपर्ने काम नागरिकले गरेर देखाउनु अनुकरणीय रहेको उनले बताए । कार्यक्रममा प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्कीले जनस्तरबाट सुरु गरिएका कोरोनाविरुद्धको अभियानमा सबै राजनीतिक दल, संघसंस्था र सरकारले साथ दिनुपर्नेमा जोड दिए ।

मन्त्री कार्कीले ल्याबलाई अन्य बेला पनि प्रयोग गर्न मिल्ने बहुउपयोगी बनाउन सकिने खालको प्रस्ताव ल्याउन आग्रह गरे । प्रदेश सरकारले सोका लागि सक्दो सहयोग गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा अभियानका सहसंयोजक विनाद बस्नेतले सरकारल आह्वान गरे यो भन्दा पनि ठूलो काम गर्न अभियान तयार रहेको बताए । प्रयोगशाला स्थापना र सञ्चालन रोक्न केही व्यक्तिहरु लागिपरेकोप्रति इंगित गर्दै बस्नेतले असल भावले गरेको काममा कसैको अवरोध नटिक्ने बताए ।

पत्रकार एकराज गिरीले सहजीकरण गरेको कार्यक्रममा नेकपा प्रदेश अध्यक्ष देवराज घिमिरे, प्रदेशसभा सदस्य हिरा थापा, कनकाई नगरप्रमुख राजेन्द्र पोखरेल, नेकपा झापा अध्यक्ष चिन्तन पाठक, कांग्रेस झापा सभापति उद्धव थापा, जसपा झापा अध्यक्ष अनुतलाल राजवंशीले प्रयोगशाला स्थापनाका लागि अभियानलाई धन्यवाद दिएका थिए । कार्यक्रमको अध्यक्षता अस्पतालका अध्यक्ष सोमनाथ पोर्तेल बिश्वकर्माले गरेका थिए ।

कोरोना परिवारमा सर्दै, झापामा दुई स्वास्थ्यकर्मीसहित २२ संक्रमित

झापा (प्रस) । कोरोना संक्रमण तीब्ररुपमा फैलिने क्रममा बुधबार झापामा समुदायका १७ जनासहित २२ जना संक्रमित भएका छन् । संक्रमित ६ महिला र १६ पुरुषमध्ये दुईजना स्वास्थ्यकर्मी र एकजना सुरक्षाकर्मी रहेका छन् ।त्यस्तै संक्रमितका परिवारका अन्य सदस्यलाई समेत संक्रमण सरेको भेटिएको छ । गत भदौ २६ गते संक्रमण देखिएका बाह्रदशी ५ का नेकपाका प्रदेश सदस्य वेदराज रेग्मीको परिवारका दुई सदस्यलाई कोरोना देखिएको हो । रेग्मीको मेची कोभिड हस्पिटलमा उपचार भइरहेको छ । त्यस्तै भदौ २२ गते संक्रमण देखिएका बाह्रदशी ५ का अटोचालकका परिवारका तीन सदस्यलाई पनि कोरोना सरेको छ । दुई महिला र तीन पुरुष गरी पाँच स्थानीयमा बुधबार संक्रमण पुष्टि भएको बाह्रदशी गाउँपालिकाको कार्यालयले जनाएको छ । त्यस्तै शिवसताक्षी नगरपालिकामा एक महिला र दुई पुरुषमा संक्रमण देखिएको छ । संक्रमित हुनेहरुमा शिवगञ्ज प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी र उनका श्रीमती रहेका छन् । त्यस्तै भारतबाट शिवसताक्षी घर फर्केका एकजना भारतीय सैनिकलाई पनि संक्रमण देखिएको नगरपालिकाका प्रवक्ता नवीन इजमले बताए । त्यस्तै दमकमा बुधबार ८ जना कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन् । बुधबार पोजेटिभ देखिएकामा एक महिला र ७ जना पुरुष रहेका छन् । संक्रमितहरु दमक -१, ५, ८, ९ र १० का १ -१ जना र वडा नम्बर ४ का तीन जना रहेका छन् ।

धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा मंगलबार रिपोर्ट होल्ड गरिएका १२ जनामध्ये ८ जनाको रिपोर्ट पोजेटिभ आएको नगरपालिकाको क्वारेन्टाईन व्यवस्थापन समितिका सदस्य सचिव कुवेर भट्टराईले जानकारी दिए । अझै ४ जनाको रिपोर्ट होल्डमा राखिएको छ । बुधबार ८ जना थपिएसँगै दमकमा कुल संक्रमितको संख्या १ सय ३७ पुगेको छ । उनीहरुमध्ये १ सय जना उपचारपछि निको भई घर फर्किएका छन् भने बाँकी ३७ जना संक्रमितहरु भने दमकसहित पूर्वका विभिन्न कोभिड विशेष अस्पताल र आइसोलेसनहरुमा उपचाररत रहेका छन् । त्यस्तै गौरादह नगरपालिकाका एकजना महिला स्वास्थ्यकर्मीलाई बुधबार संक्रमण देखिएको छ । संक्रमित हुनेमा गौरादह ५ घर भई लाइफलाइन हस्पिटल दमकमा कार्यरत २४ वर्षिया स्वास्थ्यकर्मी रहेको नगरपालिकाका क्वारेन्टाइन प्रमुख गोविन्द श्रेष्ठले बताए । त्यस्तै भद्रपुर नगरपालिकामा एक सुरक्षाकर्मीसहित ४ जनालाई कोरोना देखिएको छ । संक्रमित पुरुष सुरक्षाकर्मी जिल्ला प्रहरी कार्यालय झापाको भएको जनाइएको छ । अन्य एक महिलासहित तीनजना भारतबाट फर्केकाहरु रहेको क्वारेन्टाइन प्रमुख मनोज भट्टराईले बताए । त्यस्तै भारतबाट फर्केका मेचीनगर नगरपालिका ५ का ६७ वर्षिय पुरुषमा संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले बताए । योसँगै झापामा संक्रमितको सँख्या ७६९ पुगेको छ । त्यसमध्ये ६२ ९ जना निको भएका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

आजदेखि लाइसेन्स वितरण

झापा (प्रस) । आज बिहीबारदेखि सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण हुने भएको छ।

लकडाउन सुरु भएदेखि स्थगन गरिएको लाइसेन्स वितरण प्रक्रिया बिहीबारदेखि सूचारु गर्न लागिएको यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र ठूलो भऱ्याङका सूचना अधिकारी उपेन्द्र शाहले जानकारी दिए।

यातायात कार्यालयले सन् २०२० जुलाईसम्ममा ट्रायल पास भएर लाइसेन्सको रसिद काटेका सेवाग्राहीलाई बिहीबारदेखि लाइसेन्स वितरण सुरु गर्न लागेको हो।

सेवाग्राहीको बढी भीडभाड भएकाले स्थानीयबाट विरोध भएकाले कार्यालयले सेवामा केही कटौती गरेको पनि जानकारी दिएको छ । कार्यालयले एक दिनमा १००-१०० सेवाग्राहीलाई स्मार्ट लाइसेन्स र लाइसेन्स नवीकरणको सेवा दिँदै आएको छ। अहिलेको व्यवस्थालाई व्यवस्थित गर्न कार्यालयले दुई साता भित्रमा ई-टोकनको व्यवस्था पनि गर्न लागेको छ।

सेवाग्राहीले अनलाइनका माध्यमबाट ई(टोकन लिन सक्नेछन्। इ-टोकन सेवाको सुरुवातपछि कार्यालयमा भीडभाड कम हुनुका साथै सेवाग्राहीले सजिलै सेवा पाउने कार्यालयले विश्वास लिएको छ ।

आजदेखि लामो दुरीमा सार्वजनिक सवारी चल्ने

झापा (प्रस) । यातायात व्यवसायी र मजदुरहरु आजदेखि लामो दुरीमा सार्वजनिक सवारी चलाउन सहमत भएका छन् । बुधबार विहान भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको छलफलमा यातायात व्यवसायीले सरकारको स्पष्ट स्वास्थ्य मापदण्ड र त्यसको कार्यविधि आए बिहीबारबाटै सेवामा जाने बताएका हुन् ।

व्यवसायी, यातायात मजदुर र मन्त्रालयबीच बस चलाउँदा पालना गर्नुपर्ने स्वास्थ्य सतर्कतामा मापदण्डसहितको कार्यविधि जारी गर्ने सहमति भएको छ । त्यसअनुसार यातायात व्यवस्था विभागले बुधबार नै मापदण्ड फाइनल गरेर सार्वजनिक गर्ने मन्त्रालयका एक अधिकारीले बताए । सोमबारको मन्त्रिपरिषद बैठकले ५० प्रतिशत बढी भाडा लिएर सिट क्षमताको आधा मात्रै यात्रु बोक्ने गरी लामो दुरीमा सार्वजनिक यातायात चल्न दिने निर्णय गरेको थियो । एक लाइनको सिटमा एक जना मात्रै यात्रु बस्ने गरी सेवा दिनुपर्ने सरकारको शर्त छ । बैठकमा मन्त्री बसन्त नेम्वाङले व्यवसायीको मागअनुसार नै सबै दुरीका सार्वजनिक सवारी खोलिएकाले सरकारले तोकेका मापदण्ड पालना गरेर सेवामा जान आग्रह गरे । उनले व्यवसायीलाई परेका समस्या समाधान गर्न तत्पर रहेको भन्दै बुधबारबाटै लामो दुरीमा सेवा थाल्ने वातावरण तयार गरिने बताए । बैठकमा सहभागी व्यवसायी तथा मजदुरहरुले सरकारलाई धन्यवाद दिँदै मापदण्डसहित कार्यविधि आएपछि सेवा दिन सकिने बताएका थिए ।

उनीहरुले यात्रु तथा चालक-सहचालकको स्वास्थ्य सुरक्षा महत्वपूर्ण हुने भएकाले त्यसका लागि आवश्यक सचेतनामा लागि सरकारले पनि काम गर्नुपर्ने बताए । रिंगब्याक टोनमा बस चढ्दा कसरी सावधानी अपनाउने भनेर सन्देश दिइनुपर्ने उनीहरुले बताएका छन् ।

सबै सिटमा यात्रु राख्न नदिए जहाज नउडाउने

झापा (प्रस) । सरकारले आन्तरिक हवाई उडान असोज १ गतेबाट खुल्ला गर्ने भने पनि वायुसेवा कम्पनीहरूले ५० प्रतिशत यात्रु बोकेर उडान नगर्ने भएका छन्। आन्तरिक उडानको लागि जहाजका सिटमा पूरापूर यात्रु बोकेर उडान गर्न नपाउँदासम्म वायुसेवा कम्पनीलाई केही फाइदा नहुने वायुसेवा सञ्चालकहरूले जनाएका छन्। उडान गर्नको लागि यात्रुको टिकट बुकिङ खुला पनि नगर्ने र अन्य सार्वजनिक यातायातको साधनलाई सहुलियत दिँदा आन्तरिक वायुसेवा कम्पनीको लागि तत्काल राहत घोषणा गरिनुपर्ने वायुसेवा सञ्चालक कम्पनीको माग छ। नागरिक उड्डयन प्राधिकरण र नेपाल अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को मापदण्डअनुसार उडान भर्न पाउनुपर्ने वायुसेवा सञ्चालक संघ नेपाल (एओएएन) का कोषाध्यक्ष रुपेश जोशीले बताए। उनका अनुसार अन्तर्राष्ट्रिय उडानबाट आएका जहाजले पूरा सिटमा यात्रु बोकेका छन्। आन्तरिक उडानका जहाजले पनि पूरा सिट क्षमतामा यात्रु बोक्न पाउनुपर्छ। 'प्राधिकरण र आइकाओले बनाएको मापदण्डमा जहाजमा आधा मात्र यात्रु बोक्ने कतै उल्लेख गरिएको छैन,' जोशीले भने,' जनस्वास्थ्य मापदण्डअनुसार हामी उडान भर्न तयार छौँ। भाडा वृद्धि भनेको पनि छ त्यो मान्छौँ। महामारीको समयमा १० हजार तिरेर कुनै पनि यात्रु जहाजमा यात्रा गर्दैनन्।' सार्वजनिक यातायात जस्तो वायुसेवा कम्पनी नभएको र महामारीमा जहाजमा सस्तो भाडा दरमा, आधा मात्र यात्रु बोकेर उडान गर्दा कम्पनीको ठूलो नोक्सान हुने उनको दाबी छ। मन्त्रालयमा छलफलको लागि बोलाइएको भए पनि मन्त्रालयले ५० प्रतिशत यात्रु बोकेर उडान गर्नको लागि निर्णय नभएको जानकारी दिएको जोशीले बताए। 'जबसम्म शतप्रतिशत सिटमा यात्रु राखेर उडान भर्न पाइँदैन तबसम्म उडान भरिन्न,' उनले अगाडि थपे।

कक्षा १२ मा ४० नम्बरका लागि अनलाइन परीक्षाको तयारी

झापा (प्रस) । लामो समयको गृहकार्यपछि स्थगित कक्षा १२ को परीक्षा कूल पूर्णाङ्कको ४० नम्बरका लागि अनलाइन प्रणालीबाट हुने भएको छ।

राष्ट्रिय परीक्षा बोर्डले कोरोना महामारीको जोखिम बढ्दो स्थितिमा प्रत्यक्षरुपमा देशभर परीक्षा लिनसक्ने स्थिति नभएको निष्कर्षसहित कूल १०० पूर्णाङ्कमध्ये ४० नम्बरको अनलाइन परीक्षा, २० नम्बरको प्रयोगात्मक र कक्षा ११ को कूल प्राप्ताङ्कलाई बाँकी ४० नम्बरमा गणना गरी परीक्षा सम्पन्न गर्न सरकारलाई सिफारिस गरेको छ । विषम स्थितिमा हुने यो मिश्रित ढाँचाको परीक्षाबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रिपरिषदमा प्रस्ताव पठाइ स्वीकृत गराएपछि निर्णय कार्यान्वयन हुनेछ।

मन्त्रालयका एक अधिकारीका अनुसार बोर्डको सिफारिसअनुसार सरकारले चाँडै निर्णय गर्नेछ। अनलाइनमा पहुँच नहुनेले सूचना प्रविधिका अन्य माध्यमलाई पनि प्रयोग गर्न सक्ने गरी सरकारले विद्यार्थी सिकाइ सहजीकरण निर्देशका-२०७७ जारी गरिसकेको छ। बोर्डका कक्षा ११ र १२ तहका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले अन्य विकल्प सम्भव नभएमा यस विकल्पबारे सरकारबाट निर्णय भएपछि आवश्यक कार्यविधि र प्रश्नपत्र बनाई ४० नम्बरका लागि अनलाइन परीक्षाको तालिका प्रकाशन गरिने बताए। अनलाइनबाट परीक्षा हुँदा विद्यार्थीले आफू रहेको स्थानबाट निश्चित समयमा उत्तर तयार गर्नुपर्ने भए पनि पाठ्यसामग्री र स्रोतको उपयोग गर्न पाउने सुविधा प्राप्त गर्नेछन्।

परीक्षा केन्द्र, गार्ड र सुरक्षाकर्मी नहुने भएकाले यो एक प्रकारले खुला परीक्षा हुनेछ। गत वैशाख ८ गतेदेखि तोकिएको सो परीक्षा गत चैत ११ गतेदेखिको बन्दाबन्दीका कारण स्थगन भएको थियो। परीक्षामा कूल चार लाख ३२ हजार विद्यार्थीले आवेदन दिएका थिए। बोर्डले यही भदौ २६ गते सूचना प्रकाशन गरी कक्षा १२ मा परीक्षाका लागि आवेदन दिएका विद्यार्थी कोरोना महामारी वा अन्य कारणले अन्य जिल्लामा बसाइँसराइ भएको भए सात दिनभित्र विवरण उपलब्ध गराउन आग्रह गरिसकेको छ। नियन्त्रक शर्माले हालको स्थितिमा परीक्षा दर्शै अगाडि हुने सम्भावना कम रहेको पनि जनाए। यसअघि माध्यमिक शिक्षा परीक्षा एसइई कक्षा १० को परीक्षा सरकारकै निर्णयका आधारमा विद्यालयबाट आन्तरिक मूल्याङ्कन गराई बोर्डले प्रमाणीकरण गरिसकेको छ भने कक्षा ११ को पनि सोही प्रक्रियाबाट प्रमाणीकरण हुने तय भइसकेको छ। माध्यमिक तहको अन्तिम परीक्षा भएको र यसको अन्तर्राष्ट्रिय मान्यता पनि हुनुपर्ने भएकाले मिश्रित ढाँचाबाट भए पनि बोर्डले परीक्षा गराउने विकल्प सुझाएको हो।

मन्त्रालयले परीक्षाबारे सुझाव दिन मन्त्रालयका अधिकारी र बोर्डका पदाधिकारी रहेको अलग-अलग कार्यदल गठन गरेको थियो।

शिक्षा ऐन २०२८ को आठौँ संशोधन २०७३ कार्यान्वयनमा आएपछि तत्कालीन उच्चमाध्यमिक शिक्षा परिषद्को खारेज भई राष्ट्रिय परीक्षा बोर्डमा रुपान्तरण भएको थियो।

साविकको परिषद्बाट सम्पादन हुँदै आएका सम्बन्धन विद्यालय अनुमति, छात्रवृत्ति, विद्यालय सञ्चालनसम्बन्धी कार्य स्थानीय तहबाट व्यवस्थापन गरिने र पाठ्यक्रम निर्माण, विकास एवं समकक्षता निर्धारणसम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट सम्पादन हुँदै आएका छन्।

कक्षा १० र ११ को परीक्षालाई कानूनी संरचना तयार गरी प्रदेश र स्थानीय तहबाट सञ्चालन गराउने तयारी भइरहेका बेला यस वर्षको कोरोना महामारीका कारण स्वतः आन्तरिक मूल्याङ्कनमा गएको छ भने आगामी वर्षदेखिको व्यवस्थापनका लागि नीतिगत र कानूनी प्रबन्ध हुने तयारी छ।

संविधानतः माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा छ भने त्यसअनुसारको परीक्षा संयन्त्र स्थापनाका ढिलाइ हुँदै आएको छ।

संरक्षणबिहीन बालिकालाई एसओएसले लियो जिम्मा

भद्रपुर (प्रस) । मानव अधिकारका लागि एकल महिला झापाको संरक्षणमा रहेका दुई बालिकालाई अभिभावकत्वका लागि एस.ओ.एस. बालग्राम इटहरीको जिम्मा लगाइएको छ ।

६४ दिनयता अभिभावकविहीन भएका ती बालिकालाई संरक्षण गरिरहेको एकल महिलाले भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठको रोहवरमा बालग्रामका प्रमुख डिसी चौधरीलाई जिम्मा लगाएको हो । आफन्तबाट यौन हिंसामा परेका बालिकाका अन्य आफन्त नभएपछि एकल महिलाको छहारीमा असार ३१ गतेयता संरक्षण गरेर राखिएको थियो । कञ्चना सिटौलाको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजी, एकल महिला झापाकी अध्यक्ष रेखा अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

'कुलमानलाई हटाउनु भ्रष्ट राजनीतिको चरम नमुना'

झापा (प्रस) । साझा पार्टीका संयोजक रवीन्द्र मिश्रले कुलमान घिसिङलाई पुनःनियुक्ति नदिनु भ्रष्ट राजनीतिको चरम नमुना भएको बताएका छन् । विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट आइतबार चारवर्षे कार्यकाल सकिएपछि बिदा घिसिङको पुनर्नियुक्त नहुँदा मिश्रले यस्तो बताएका हुन् । सोमबारको मन्त्रिपरिषद बैठकले घिसिङलाई पुनः नियुक्ति नदिएपछि उनी मंगलबार मात्र प्राधिकरणबाट औपचारिक रूपमा बिदा भएका थिए । बुधबार सामाजिक सञ्जालमार्फत मिश्रले कुलमानले असाधारण काम गरे पनि उनलाई दोस्रो कार्यकाल नदिनु पद्धति नभइ भ्रष्ट राजनीतिको चरम नमुना भएको बताए । उनले लेखेका छन्, 'धेरै अन्तर्राष्ट्रिय संस्थामा २ वर्षको करार सेवा दिइन्छ। राम्रो काम गरे र नियमले नरोक्ने भए त्यसलाई खुसीसाथ नवीकरण गरिन्छ। 'विज्ञापन गर्छौं, तिमीले फेरि निवेदन देऊ' भनिँदैन।' उनले अगाडि लेखेका छन्, 'नराम्रो गरे त्यही करारका सर्तलाई देखाएर 'तिम्रो करार सेवा टुंगियो' भनिन्छ । कुलमानजीले त असाधारण काम गरेका हुन्। उनलाई दोस्रो कार्यकाल नदिनु पद्धति होइन, भ्रष्ट राजनीतिको चरम नमुना हो।' कुलमानकै नेतृत्वमा नेपालमा लोडसेडिङ हटाइएको भन्दै उनलाई नै प्राधिकरणमा निरन्तरता चौतर्फी माग छ । बुधबार घिसिङलाई पुर्ननियुक्त गर्नुपर्ने माग राखेर माइतीघर मण्डलमा प्रदर्शन समेत भएको छ ।

सूचना

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार गर्ने संस्कृतिको विकास गरौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको सधियार
सनमाया तामाङ, सावित्रि देवी पौडेलको नाममा जारी गरिएको

७ दिने सूचना

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री दामोदर गौतमले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार प. श्री सनमाया तामाङ द. श्री सावित्रि देवी पौडेलको जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बिर्तामोड नपा-१	-	९.६१५	१६९.३०	२०७६/१०/१२	२०७६/१०/१२	२०७६/११/०७

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

Idlt 2077/05/29

सफलतापूर्वक उपचार हुने समस्याहरू

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
बाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।

सदैव व्यायाम गरौँ, सदैव स्वस्थ रहौँ ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

व्यवसायीहरु मनोवल उठाउनुस्

आज असोज महिनाको १ गते अर्थात कन्या संक्रान्तिलाई निर्माण तथा प्रविधि उत्पादन तथा अध्ययनका विद्वान श्री विश्वकर्मा बाबाको पूजाका रुपमा पनि मनाउने गरिन्छ । आजको दिन वैदिक सनातन हिन्दू धर्मावलम्वीहरू यिनै विश्वकर्मा बाबाको सम्मानमा पूजाआजा गर्ने गर्दछन् ।

विश्वकर्मा बाबा, देवताहरुका लागि शिल्प विशेषज्ञ र हरेक देवताका भवनहरुको निर्माता, हतियार शिल्पकार र यानहरुका रचयिता तथा निर्माता हुन् । शास्त्रहरुका अनुसार विश्वकर्मा ब्रह्माका पुत्र हुन् , यिनका ५ छोराहरु र एकमात्र छोरी थिइन् । उनको एकमात्र छोरी सन्ध्याको विवाह वैश्विक उर्जा तथा तापका प्राकृतिक श्रोतका मालिक भगवान सूर्यसंग भएको थियो ।

विश्वकर्मा बाबा हस्तकला, शिल्पकार, हतियारविज्ञका रुपमा कला अनि हजारौं वस्तुगत रचनाका प्रेरणा हुन् । आजको आधुनिक यूगमा पनि उनले वैदिक कालमा गरेको प्रविधि तथा अनेक निर्माणका अभ्यासहरूको सम्मान स्वरूप नेपालका अधिकांश ग्यारेज, कारखाना, उत्पादन प्रविधि स्थल अनि धातूका विविध कार्यहरूमा सक्रिय विविध कार्यस्थलहरु एकदमै सजिसजाउ अनि झकिझकाउ हुने गर्दछन् ।

विश्वकर्मा बाबाको पूजामा विश्वकर्मा बाबाको मूर्ति स्थापित गरी उक्त दिन पुजा गर्ने र भोलिपल्ट रीतिपूर्वक नदी, ताल, तलैयामा मूर्ति सेलाउने चलन छ । आजको दिन यातायातका साधनहरुको विशेष पूजा गरिन्छ । कोरोना महामारीका कारण सार्वजनिक यातायातहरु निर्वाध रुपले सञ्चालन हुन नपाएको ६ महिनाभन्दा बढी भइसकेको छ । आजका दिनदेखि नै सरकारले लामो दुरीका यातायातका साधन संचालन गर्न दिने भएको छ । विश्वकर्मा बाबाको पूजाको दिन अर्थात आजबाट सार्वजनिक यातायात सञ्चालन गर्ने व्यवसायीहरुले मनोवल उठाउनु पर्ने भएको छ । यातायात क्षेत्रमा आश्रित लाखौंको जीविकोपार्जन अनि अर्बौं लगानीको सवाल छ । त्यसतर्फ सरकारले हेर्नै पर्छ । विश्वकर्मा पूजाका दिन मानव जीवनका हरेक यन्त्र तथा यान्त्रिक उपलब्धि हामीलाई सधैं फापोस् अनि दुर्घटनाबाट सुरक्षा मिलोस् भन्ने कामना गर्दछौं ।

❖ज्योति खतिवडा

दुई 'पाइलट' को झगडामा पिसिएका कुलमान



❖अमित ढकाल

प्रधानमन्त्री केपी ओलीले नचाहेपछि नेपाल विद्युत प्राधिकरणबाट कुलमान घिसिङ कम्तिमा अहिलेका लागि बिदा भएका छन् । प्रधानमन्त्री ओली कुलमानको पुनः नियुक्तिको पक्षमा छैनन् भन्ने पहिल्यैदेखि थाहा थियो । तैपनि कुलमानले गरेका काम र आम नागरिकमाझ उनको जुन छवि बनेको छ, त्यसकारण पनि अन्तिममा उनको पुनः नियुक्ति हुन्छ भन्ने धेरैको अनुमान थियो । कुलमानलाई दोस्रो कार्यकालका लागि नियुक्ति नदिनुपर्ने कारण के-के हुन्, बालुवाटारले बताएको छैन । अनौपचारिक कुराकानीमा भने कुलमानप्रति बालुवाटारका तीन मुख्य गुनासा वा आरोप छन् ।

पहिलो, लोडसेडिङ हटेको र प्राधिकरणले गरेका सम्पूर्ण कामको जस उनले एक्लै लिन खोजे । आफू मात्रै 'हिरो पल्टिन' खोजे । राजनीतिक नेतृत्वलाई कुनै जस दिएनन्, टेरेनन् । दोस्रो, आफ्ना पक्षमा मिडिया परिचालन गरे । प्राधिकरणको पैसामा विज्ञापन दिएर आफ्नो प्रचारप्रसार गराए । तेस्रो र सबभन्दा संगीन आरोप– कुलमानले बिजुलीका ठेकेदारहरूलाई भनेर पार्टी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) लाई आर्थिक स्रोत जुटाइदिए ।

मैले कुलमानलाई पहिलोपटक भेटेको २०१७ डिसेम्बरमा हो । पोखरामा जारी नेपाल लिट्रेचर फेस्टिभलको एउटा सत्रमा कुलमान र गगन थापा वक्ता थिए । म त्यो सत्रको मोडरेटर थिएँ । त्यो बेला कुलमान प्राधिकरणमा आएको करिब चार महिना मात्र भएको थियो । उनी आएपछि लोडसेडिङ जादुमयी ढंगले हराएको थियो । लोडसेडिङ हटेकोमा धेरै महिनासम्म त मानिसहरूलाई विश्वास पनि भएन । अर्को वर्ष हिउँदमा पनि लोडसेडिङ नभएपछि मात्र आममानिसलाई अब नेपालमा लोडसेडिङ हुन्न भन्ने पत्यार लाग्यो । कुलमानको 'जय-जयकार' सुरू भएको त्यसपछि हो ।

नेपाल लिट्रेचर फेस्टिभलको त्यो सत्रभरि नै लोडसेडिङ अन्त्य गरेको जस कुलमानले आफूले लिएनन् । बरू आमनागरिकले गरेको सहयोगलाई जस दिए, विभागीय मन्त्री र प्रधानमन्त्रीलाई जस दिए । पूर्वसरकारदेखि वर्तमान सरकारसम्मको प्रयासले लोडसेडिङ अन्त्य सम्भव भएको बताए । त्यो बेला लोडसेडिङ हट्नुमा विगतका प्रयासको पक्कै भूमिका थियो । भारतबाट आयातित बिजुलीको भूमिका थियो । नेपालमै निजी क्षेत्रबाट सञ्चालित नयाँ आयोजनाबाट थप बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको थियो । कुलमानलाई भाग्यले पनि अलिकति साथ दिएको थियो– हिउँदे खोला पग्लिएर ४०-५० मेगावाट बिजुली थप उत्पादन भएको थियो । त्यसो भए त्यो लोडसेडिङ अन्त्य हुनुमा कुलमानको कुनै भूमिका थिएन त ? वा कति थियो ?

एउटा कुरा पक्का छ– कुलमानले व्यवस्थापकीय कौशल नदेखाएका भए त्यो वर्ष र त्यसपछि पनि केही वर्ष लोडसेडिङ अन्त्य हुने थिएन । लोडसेडिङ त्यति चाँडै अन्त्य हुन्छ भन्ने राजनीतिज्ञ, प्राधिकरणकै कर्मचारी र आममानिस कसैलाई विश्वास थिएन । कुलमानले आफ्नै कौशल र व्यवस्थापकीय क्षमता प्रयोग गरेर तीनवटा काम गरे ।

पहिलो, हिउँदको सुख्खायाममा खोलामा पानी कम हुन्छ र बिजुली कम उत्पादन हुन्छ । तर, नेपालमा पाँचवटा 'डेली पिकिङ' आयोजनाहरू छन्- कालीगण्डकी, चिलिमे, मर्सेयाङ्दी, माथिल्लो र मध्य-मर्सेयाङ्दी । यी आयोजनामा रात र दिनभरि पानी जम्मा गरेर साँझ बिजुलीको माग धेरै भएका समय चलाउन मिल्छ । यी सबै आयोजना पूर्ण क्षमतामा चलाउँदा ३ सय ५० मेगावाट जति थप बिजुली उत्पादन हुन्छ ।

कुलमानअघि कसैले पनि ती आयोजनालाई राति र दिनभरि पानी जम्मा गरेर साँझ माग धेरै भएका बेला पूर्ण क्षमतामा चलाएका थिएनन्। त्यो आइडिया कसैले लगाएन । हिउँदको सुख्खायाममा पनि ती आयोजनामा जम्मा १५० मेगावाट जति मात्र बिजुली उत्पादन हुन्थ्यो ।

ती आयोजनाको मर्मतसम्भार तालिका पनि कुलमानले बदले । प्रत्येक सुख्खा याममा आयोजनाका जेनेरेसन प्लान्ट मर्मत गर्नुपर्छ । पहिले सबै आयोजनामा मर्मतसम्भार एकैपटक चल्थ्यो । उनले एउटा आयोजनामा मर्मत चलिरहेका बेला अर्को आयोजना मर्मत नगर्ने निर्णय गरे । रोटेसनमा मर्मतसम्भार चलेपछि सुख्खायाममा पनि विद्युत उत्पादन धेरै प्रभावित भएन । ओभरटाइम दिएर, तीन सय प्रतिशतसम्म भत्ता दिएर उनले मर्मतसम्भारमा लाग्ने समय ४५ दिनबाट घटाएर १६/१७ दिनमा झारे । त्यसले थप बिजुली उत्पादन गर्न मद्दत पुऱ्यायो ।

उनले यी आयोजनासँगै ९० मेगावाटको कुलेखानीलाई पनि आवश्यकताअनुरूप मँसिरदेखि नै राम्ररी चलाए । 'माघ-फागुनलाई साँच्नुपर्ने आयोजना अहिल्यै चलाएर कुलमान हिरो हुन खोजिरहेको छ । माघमा लोडसेडिङ भनै विकराल हुन्छ' भन्दै कतिले विरोध गरे । प्राधिकरणमा कुलमानअघिका कार्यकारी निर्देशक मुकेश काफ्लेले त्यो बेला एउटा टिभी कार्यक्रममा घोषणा गरे– 'माघमा पनि कुलमानले लोडसेडिङ गरेनन् भने म आजीवन सार्वजनिक पदमा बस्दिनँ ।' त्यो माघ र त्यसपछिका माघमा पनि लोडसेडिङ भएन । कुलमान प्राधिकरणमा आउँदा चुहावट २६-२७ प्रतिशत थियो । चुहावट सधैं आलोचनाको विषय थियो । दातृ निकायले चुहावट नघटाए बिजुली विकासमा सहयोग नगर्ने सर्त राख्थे। नेपालले सर्त त मान्थ्यो तर चुहावट घटाउन सक्दैनथ्यो । कुलमानले चुहावट क्रमशः घटाउँदै १६ प्रतिशतमा झारे । त्यो बेला विद्युत चोरीको समस्या कतिसम्म थियो भन्ने उदाहरण भक्तपुर जिल्ला हो । त्यहाँ ४० प्रतिशत चुहावट थियो । अहिले ६ प्रतिशतमा झरेको छ । ठूल्ठूला उद्योगले कर्मचारीसँग मिलेर विद्युत चोरी गर्थे । चुहावटमा यो नै सबभन्दा ठूलो समस्या थियो ।

कुलमानले कडाइ गरे । प्राधिकरणका करिब १५-१६ जना कर्मचारीलाई चुहावटमा सहभागी भएकामा जेल नै पुऱ्याए । प्राविधिक चुहावट पनि घटाउन उनले ट्रान्समिसन र डिस्ट्रिब्युसन लाइन सुधारे । पुराना ट्रान्सफर्मर र सबस्टेसन मर्मत गरे । नयाँ पनि निर्माण गरे । यी सबै कामबाट सुख्खायाममा पनि झन्डै ५००-६०० मेगावाट थप बिजुली आपूर्ति गर्ने क्षमता प्राधिकरणको बढ्यो । यिनै सुधारले पछिल्ला वर्षमा पनि लोडसेडिङ हटाउन मद्दत गऱ्यो ।

कुलमानले मागको पनि राम्रो व्यवस्थापन गरे । भारवहन केन्द्रमा कैयन साँझ आफैं बसेर विभिन्न सहरमा मागअनुसार बिजुली आपूर्ति र माग नभएका ठाउँमा कटौती गरे । यी सबै कामको कुल फल हो लोडसेडिङ अन्त्य । यी काम मैले मात्र गरेँ भनेर कुलमानले सार्वजनिक रूपमा भनेको कम्तिमा मैले सुनेको छैन । उनले प्राधिकरण टिमलाई, मन्त्रालयलाई, प्रधानमन्त्रीलाई सधैं जस दिएका छन् ।

एउटा कुरा भने साँचो हो– आममानिसले लोडसेडिङ हट्नुको जस कुलमानलाई मात्र दिए । 'चोरहरूको लाम' मा राम्रो काम गर्ने मानिसको खोजी मिडियालाई पनि सधैं हुन्छ । त्यसैले मिडियाले पनि उनका कतिपय काम बढाइचढाइँ गऱ्यो होला । आलोचनात्मक दृष्टि कमै राख्यो होला । त्यसले पनि राजनीतिज्ञ, उनका प्रतिस्पर्धीलाई पक्कै जलन गरायो । अहिले बालुवाटारबाट आएको जलनको गन्ध पनि त्यसकै परिणाम हो ।

मलाई कताकता लाग्छ, लोडसेडिङदेखि बिजुलीको क्षेत्रमा भइरहेका अन्य काम र सुधारको जस कुलमान एक्लैले लिए भन्ने इर्ष्या लगभग सबै राजनीतिज्ञका मनमा छ । जहाँसम्म कुलमानले आफ्ना पक्षमा मिडिया परिचालन गरे, प्राधिकरणको पैसामा विज्ञापन दिएर आफ्नो प्रचार-प्रसार गराए भन्ने आरोप छ, त्यो बेतुकको कुरा हो । काखमा लुटुपुटु पर्ने आफ्ना गोजीका मिडियाबाहेक मूलधारका मिडिया त्यसरी परिचालन गर्न सम्भव हुन्थ्यो भने यो सरकारको किन यति धेरै आलोचना हुन्थ्यो ? सबभन्दा धेरै विज्ञापन त सरकारसँगै छ । साँचो के भने, आजको मूलधारको मिडियाले कहिलेकाहीँ गल्ती गरेर वा कुरा नबुझेर कसैको विषयमा बेमुनासिव आलोचना गर्ला । तर, कसैले भनेर मिडियालाई उसका पक्षमा लेखाउन सम्भव छैन । यो कुरा टेस्ट गर्न मन छ भने सरकारले कुलमानलाई नै गुरू थापेर मिडियामा आफ्ना पक्षमा लेखाउन एकपटक प्रयास गरे भयो !

बिजुली विकास र स्वच्छ ऊर्जाबारे मलाई धेरै नै चासो छ । यी विषयमा मैले पनि धेरैपटक लेखेको छु । कुलमानलाई फोन गरेर सोधेको छु । तर, पछिल्ला चार वर्षमा कुलमानले मलाई फोन गरेर आफूले यस्तो काम गरेँ भनेर कहिल्यै भनेका छैनन् । लेखिदिने अनुरोध त कुरै छाडम् । जहाँसम्म विज्ञापनको कुरा छ, नाफामा गएका सरकारी संस्थानमध्ये सबभन्दा थोरै विज्ञापन दिनेमा विद्युत प्राधिकरण पर्छ । यसपाली बोर्डले निर्णय गरेर वार्षिकोत्सवको एक दिनबाहेक प्राधिकरणले आफ्नो प्रचारप्रसारका लागि विज्ञापन दिएको मलाई थाहा छैन । नगरेको कामको जस लिन कुलमानले विज्ञापन गरेको मलाई जानकारी छैन ।

बरू प्रधानमन्त्री केपी ओलीका त्यस्ता विज्ञापनले कुनै दिन नेपाली छापा र अनलाइन मात्र होइन, बिजुलीका पोलसम्म रंगिएको याद ताजै छ ।

सामाजिक सुरक्षा कार्यक्रमको अवधारणा धेरै अघिदेखि थियो । त्यसको कानुन अर्कै सरकारका पालामा पास भएको थियो । तयारी अरू कसैले गरेको थियो । तर, जब कार्यक्रम उद्घाटन गर्ने बेला आयो, नेपालमा नयाँ युग सुरू भएको भन्दै, त्यसको प्रणेताका रूपमा प्रधानमन्त्रीलाई देखाउने ध्येयका साथ छापाका प्रमुख पृष्ठ र अनलाइन ढाक्ने गरी उनका फोटा टाँसिए । बरू मूल सन्देश हरायो । मानिसहरूले के को विज्ञापन हो भनेर बुझेनन् । जसले यसरी आफ्नो प्रचार खोज्छ, त्यसलाई अर्काको चर्चाले इर्ष्या हुन्छ !बिनातयारी सुरू गरिएको नेपाललाई नयाँ युगमा लैजाने उक्त कार्यक्रम अहिले लथालिंग छ । उठेका जायज प्रश्नको उत्तर दिन नसकेका कारण र समस्या समाधान गर्न नसक्दा निजी क्षेत्र सामाजिक सुरक्षा कार्यक्रममा जान हच्किएको छ । नेपाललाई नयाँ युगमा लैजाने कार्यक्रम तयारी गर्ने मन्त्री गोकर्ण विष्टलाई प्रधानमन्त्रीले कार्यक्रम सुरू भएको केही महिनामै अक्षमको आरोप लगाएर मन्त्रीबाट हटाइदिए ।

बालुवाटारको तेस्रो आरोप झनै गम्भीर छ । प्रचण्ड प्रधानमन्त्री हुँदा नियुक्ति पाएका कुलमानले उनलाई नै सहयोग गरेको र आर्थिक भरथेग गरेको बालुवाटार ठान्छ । प्रचण्डका अरू आर्थिक स्रोत कमजोर भएको अवस्थामा बिजुलीका ठेक्कापट्टाबाट आउने लाभ नै उनको आर्थिक 'लाइफ-लाइन' भएको प्रधानमन्त्री निकटहरूको आरोप छ । बालुवाटारको यो आरोप कति साँचो हो, त्यो हामीले भन्न सक्ने कुरा भएन। यसले नेकपारूपी जहाजका दुई पाइलटबीच गडेर रहेको अविश्वास र तिक्तताको सिकार कुलमान बनेको संकेत गर्छ । त्यो अविश्वासले नेकपाको जहाजलाई त क्षति पुऱ्याएकै छ, मुलुकलाई पनि त्यसको बाछिटा कसरी लागिरहेको छ भन्ने देखाएको छ ।

यसले प्रधानमन्त्री ओली र प्रचण्डबीच हालै भएको सुलहको पनि खिल्ली उडाएको छ । एकअर्कालाई भित्तामा पुऱ्याउने र कमजोर बनाउने प्रयत्न कसरी जारी छ भन्ने उदांगिएको छ । कुलमानमाथि लगाइएका आरोप बालुवाटारको होइन भने उनलाई अर्को कार्यकालका लागि किन नियुक्ति गरिएन भन्ने प्रधानमन्त्रीले प्रस्ट पार्नुपर्छ । कुनै पनि प्रशासक वा कर्मचारीलाई कुनै खास जिम्मेवारीमा नियुक्ति गर्ने वा नगर्नेमा जायज कारण हुन सक्छन् । तिनमा टेकेर राज्यले उनीहरूलाई नियुक्ति गर्न वा नियुक्ति भएकालाई हटाउन पनि सक्छ ।

तर, ती कारण जायज हुनुपर्छ । जनताको नासोका रूपमा शासनसत्ता चलाउनेले स्वेच्छाचारी हिसाबले वा पूर्वाग्रहमा टेकेर कसैलाई लाखा र पाखा गर्न पाउँदैन । राम्रो गरिरहेको कर्मचारीले थप काम गर्ने हौसला र जिम्मेवारी पाउनु उसको वैध हक हुन्छ । किनकि यो मुलुक उसको पनि हो । यो मुलुकमा नैसर्गिक हक उसको पनि कसैको भन्दा कम हुन्न । र, त्यो हकको कदर गर्नु राजनीतिज्ञको जिम्मेवारी हो ।

पहिलो नम्बरमा भएका डिआइजी नवराज सिलवाललाई पन्छाएर चौथो नम्बरमा भएका जयबहादुर चन्दलाई शेरबहादुर देउवाले आइजिपी बनाउन खोज्दा हामीले त्यही भएर विरोध गरेका थियौँ । त्यो सिलवाल मन परेर वा चन्द मन नपरेर गरिएको विरोध थिएन । राम्रो काम गरिरहेका कुलमानको त्यो 'वैध हक' नकार्न प्रधानमन्त्रीले पनि सकेको देखिन्न । आफूले गरेका काम र आफ्ना आगामी योजनाबारे बताउन कुलमानले प्रधानमन्त्रीलाई धेरै अघिदेखि भेट्न खोजेका थिए । दुई-तीन महिनादेखि कोशिस गरे पनि बालुवाटारले समय दिएको थिएन । गएको शनिबार उनलाई प्रधानमन्त्रीले भेट्ने भनियो, फोन आउँछ भनियो । उनी कुरेर बसे, फोन गएन । उनलाई अर्को कार्यकालका लागि नियुक्त गर्नुपर्ने जायज कारण नभएको भए प्रधानमन्त्रीले उनलाई भेटेर यी-यी कारणले तिमीलाई म नियुक्ति गर्दिनँ भन्न सक्थे । कारण जायज भएको भए त्यो नैतिक बल उनलाई प्राप्त हुन्थ्यो ।

तर, कुलमानका आँखामा हेरेर 'तिमीलाई दोस्रो कार्यकालका लागि नियुक्ति गर्दिनँ' भन्न सकेनन् । जनताका आँखामा हेरेर प्रधानमन्त्रीले झन् के भन्लान् ? सत्ता नजिकका कतिले भन्छन्– अरू मान्छे छैनन् र कुलमानलाई दोहोऱ्याएर नियुक्ति दिनु ? भ्रष्टाचारमा लिप्त र हरेक काण्डमा मुछिएका नेता घुमिफिरी दशकौंसम्म सांसद बन्न, मन्त्री बन्न मिल्ने । 'सम्धी'हरू सातपटक फरक-फरक पोस्टमा सरकारी नियुक्ति खान मिल्ने । तर, राम्रो काम गर्ने क्षमतावान् मानिस दोहोरिन नमिल्ने ?

दोहोरिने के कुरा, चिलिमे आयोजनामा राम्रो काम गरिरहेका कुलमानलाई तत्कालीन एमाले मन्त्री राधा ज्ञवालीले हटाएर पार्टीनिकट मानिसलाई जिम्मेवारी दिएकी होइनन् ? पछिल्ला तीन वर्षमा प्रधानमन्त्री ओलीले क्षमता नभएका आफूनिकट मानिस, जिल्लावासी र सार्वजनिक रूपमै आफ्नो चाकरी गर्ने र अरुलाई अशिष्ट भाषामा गाली गर्ने कति मानिसलाई राजनीतिक नियुक्ति दिएका छन् ?

विकासको नाममा

विकास-निर्माणका आयोजनाहरू सम्पन्न नहुँदै राज्यबाट हुने रकम विनियोजन गर्ने परिपाटीले विकास बजेटको चरम दुरुपयोग हुने गरेको छ । आवश्यकताको गहिरो अध्ययन, अनुसन्धान नै नगरी आयोजनाहरूमा रकम छुट् याउने परिपाटीका कारण लक्षित वर्ग तथा समुदाय सेवाबाट वञ्चित हुन पुगेका छन् । यिनीहरू सेवाबाट वञ्चित भए पनि विकासका नाममा बह्मलुट गर्न पल्किएकाहरू रकम विनियोजन गरी आरामले बसेको पाइन्छ । यसरी विकास-निर्माणका कार्यहरू सम्पन्न नगरी आएको बजेट अर्कैतिर खर्च गर्न पल्केकाहरूको पहिचान गरी कानुनी कारबाही नभएसम्म यस्ता गतिविधि अझै मौलाउँदै जाने देखिन्छ । यस्ता गतिविधि निश्चित ठाउँमा मात्र नभई देशका अधिकांश ठाउँहरूमा जरा गाडेर बसेको देखिन्छ ।

विकास-निर्माण कार्य समयमै सम्पन्न नगर्दा हिमाली तथा पहाडी क्षेत्रमा भूक्षय, बाढी, पहिरो तथा तराई क्षेत्रमा हुने डुबानले अति प्रभावित बनाएको छ । राज्यले विकास निर्माणका लागि पर्याप्त रकम विनियोजन गरे तापनि स्थानीय तहसम्म विकासले तीव्रता नपाउनुको मुख्य कारण ठेक्कापट्टा तथा कमिसनको चक्करलाई लिन सकिन्छ । वर्षैपिच्छे विकास-निर्माणको नाममा बजेट विनियोजन हुँदा पनि परिणाम आउन नसक्नु, हुँदै गरेका कामहरूले तीव्रता नपाउनु तथा ठेक्कापट्टाको नाममा राजनीति गर्ने परिपाटीले विकास-निर्माणका कार्यहरू अधुरै रहेको देखिन्छ । त्यस्तै ठेक्कापट्टा तथा कमिसनको चक्करमा बिनाअध्ययन-अनुसन्धान तथा योजना तर्जुमा नगरी हचुवाको भरमा रकम विनियोजन गर्ने परिपाटीले पनि निश्चित ठाउँ तथा समुदाय सेवाबाट वञ्चित रहेको पाइन्छ ।

यस्ता गतिविधि खुलेयाम भइरहेको अवस्थामा पनि राज्य तथा सम्बधित निकायबाट प्रभावकारी रूपमा अनुगमन, निरीक्षण नभएको पाउँछौं । जनताको आँखामा छारो हाली कतिपय ठाउँमा नक्कली उपभोक्ता समिति गठन गरी काम गरेको जस्तो देखाउने र भत्ता तथा कमिसन पचाउने गरेको थुप्रै उदाहरण देख्न-सुन्न सक्छौं । त्यस्तै राज्य संघीय संरचनामा गएपछि स्थानीय सरकारबाट सञ्चालन भएका विकास-निर्माणका कार्यहरू अधुरै रहेको छ । केन्द्र सरकारबाट प्राप्त रकमलाई जसरी भए पनि सक्ने परिपाटीले कतिपय आयोजना काम नलाग्ने स्थितिमा पुगेको पाइन्छ । स्थानीय तहमा हुने राजनीतिक खिचातानी, राम्रो काम हुँदैछ भने खुट्टा तान्ने प्रवृत्ति, समन्वयको अभावजस्ता कुराहरूले विकास-निर्माणका कार्यहरूमा अवरोध सिर्जना भएको दखिन्छ । त्यस्तै पछिल्लो समय विकास-निर्माणको ठेक्कापट्टा आफ्नो मातहतका आफन्त वा आसेपासेहरूलाई दिने प्रवृत्ति बढेको छ । यस्तो प्रवृत्तिको समयमै निरुत्साहित गरी विकास-निर्माणको आवश्यकता पहिचान गरेर ठेक्कापट्टाको काम सम्बधित विज्ञ व्यक्तिलाई दिनुपर्छ ।

रकम विनियोजन गर्नुभन्दा पहिला आयोजना कति प्रभावकारी हुन्छ कि हुँदैन भन्ने विषय पनि अध्ययन-अनुसन्धान गर्नु अति जरुरी छ ।

यसरी विकासको नाममा हुने बह्मलुटको अन्त्य गर्न अबका दिनहरूमा राज्यपक्ष तथा सम्बधित निकायहरूले विकास-निर्माणमा खर्चिने रकम आवश्यकताको पहिचान गरेर मात्रै रकम छट्टयाउनुपर्छ । कुनै पनि आयोजना सुरु भएपछि सम्बधित निकायहरूबाट समय-समयमा अवलोकन गर्ने, बेलाबेलामा आयोजनाको प्रगति विवरणहरू पेस गर्न लगाउने, काम गर्दा गुणस्तरको पहिचान गर्ने तथा काम पूर्ण रूपमा सम्पन्न भएको छ/छैन, अनुगमन गरेर मात्रै रकम विनियोजन गर्ने पद्धतिलाई स्थापित गर्नुपर्छ । यसरी रकम विनियोजन गर्नुभन्दा पहिला आयोजना कति प्रभावकारी हुन्छ कि हुँदैन भन्ने विषय पनि अध्ययन-अनुसन्धान गर्नु अति जरुरी छ ।

त्यस्तै कमिसनको चक्करमा गुणस्तरहीन सामग्री प्रयोग गरी काम सकेको प्रतिवेदन तयार गरेर रकम निकासा गर्ने प्रवृत्ति अन्त्य गर्दै मापदण्डविपरीत काम गर्ने तथा रकमको चरम दुरुपयोग गर्ने ठेकेदार कम्पनीहरूलाई राज्यले कडाभन्दा कडा कानुनको व्यवस्था गर्नुपर्छ । त्यस्तै विकास-निर्माणको नाममा हुने बेथिति अन्त्यका लागि आजैबाट राज्य तथा आमनागरिकहरू पनि जागरूक हुनु अति आवश्यक छ ।

गरिबलाई चिटिक्कको घर

बिर्तामोड (प्रस) । मोरङको बेलबारी नगरपालिका-४ की सीता राईसँग घर बनाउने पैसा थिएन । थोरै जग्गामा भए पनि घर बनाइदिने दाताको खोजीमा थिइन् उनी । बिहानबेलुका जीविका चलाउनै हम्मे थियो उनको परिवारलाई । फुसको छानो भएको पानी चुहिने झुप्रो घरमा उनका परिवारको गुजरा चलिरहेको थियो । अहिले उनको परिवारले एउटा 'चिटिक्क'को घर पाएको छ । श्रीमान्, छोराछोरीसहित चार जनाको परिवारका लागि अहिलेलाई त्यो घर पर्याप्त छ । 'राम्रो घरमा बस्ने सपना पूरा भएको छ,' राईले भनिन्, 'यसअघि पानी चुहिने झुप्रो टाल्न पनि सक्ने अवस्था थिएन ।'

बेलबारी-३ का नारायण राई पनि कर्कटपाताको छानो भएको र फण्डेसन उठाएको घर पाएपछि मख्ख छन् । 'जीवनमा यतिका दुःख गर्दा पनि परिवारका सदस्यलाई राम्रो घरमा राख्न सकिएन भन्ने पिर थियो ' उनले भने, 'अब त्यो चिन्ता टरेको छ ।' 'ओत लाग्ने घर पाएपछि हातमुख जोर्ने जोहो त गर्न सकिन्छ नि,' उनले भने, 'पानी मात्रै नचुहिने घर पाउँदा जिन्दगीमा ठूलो राहत मिलेको छ ।' नारायणले नयाँ घर पाएपछि सरकार पनि रहेछ भन्ने अनुभूति भएको बताए ।

सीता र नारायण मात्रै हैन अहिले बेलबारीको चारवटा वडामा बसोबास गर्ने १ सय १ परिवारले फन्डेसन उठाएर प्लाष्टर गरिएको र कर्कटपाताको छानो भएको 'चिटिक्क'को घर पाएका छन् । असहाय, एकल महिला, दलित तथा पिछडिएको र आर्थिक अवस्था कमजोर भएको परिवारलाई नगरपालिकाले विभिन्न संघ संस्थासँग समन्वय गर्दै घर बनाइदिएको हो ।

सहारा नेपाल र ह्याबिटेट नेपालसँगको सहकार्यमा कमजोर आर्थिक अवस्था भएका र विभिन्न कारणले पीडित बनेकालाई नयाँ घर निर्माण गरेर हस्तान्तरण गरिएको नगरपालिकाका प्रवक्ता योगेन्द्र सुवेदीले बताए । उनका अनुसार एउटा घर निर्माणमा दुई लाख ५० हजार रुपैयाँ खर्च भएको छ । खर्च भएकोमध्ये नगरपालिकाले एक लाख ५० हजार र दुईवटा संस्थाले एक लाख उपलब्ध गराएको जानकारी सुवेदीले दिए ।

मेयर ज्ञानेन्द्र सुवेदीका अनुसार बेलबारी-३ मा ४०, ४ मा २०, ११ मा ४० र १० मा एउटा घर बनाएर निःशुल्क रुपमा हस्तान्तरण गरिएको छ । 'यसरी विभिन्न समस्यासँगै आर्थिक अवस्थाले पनि पिरोलिएकाहरुलाई सहयोग गर्ने योजना नगरपालिकाले अघि सारेको छ,' सुवेदी भने, 'पैसा अभावमा गुज्रिएर अस्थायी घरबाट जीवन निर्वाह गर्दै आएका विपन्न अवस्थाका नगरवासीलाई ठूलो राहत मिलेको छ ।'

मेयर सुवेदीले नगरलाई केही समयभित्रै फुसको छानोमुक्त बनाउने योजनाअघि सारिएको जानकारी पनि दिए । पछिल्लो समय फुसको छाना हटाएर कर्कटपाताको छानोयुक्त घरको अवधारणा लिएर नगरपालिका अघि बढिरहेको बताउँदै उनले नसक्नेहरुलाई भने घर नै बनाएर हस्तान्तरण गर्न थालिएको जनाए । हस्तान्तरण गरिएको कर्कटपाताको छानो भएका नयाँ घरमा बरण्डा र तीनवटा कोठा छन्। शौचालयको पनि व्यवस्था छ । घर निर्माणका लागि घरमा बसोबास गर्ने पनि खटिएका थिए ।

कमल-७ मा राप्रपाको वडा समिति

कमल (प्रस) । झापाको कमल गाउँपालिका - ७ मा राष्ट्रिय प्रजातन्त्र पार्टीले वडा समिति गठन गरेको छ । बुधबार पार्टी कार्यकर्ताहरुको वडास्तरीय भेलाले लयप्रसाद उप्रेतीको अध्यक्षतामा वडा समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा चौवान मिश्र, सचिवमा दिपक बोहोरा, सहसचिवमा श्रीमान् कटुवाल र कोषाध्यक्षमा उर्मिला खड्का रहेका छन् ।

यस्तै सदस्यहरुमा गोविन्द चम्लागाईं, मञ्जु भण्डारी, प्रेमप्रसाद सेडाई, खेम सुवेदी, ताराचन्द्र सुब्बा, तिलोचन ढकाल, देवी बस्नेत र राजेन्द्र धिमाल रहेका छन् । वडा भेलामा पार्टीका गाउँपालिका अध्यक्ष विष्णु पौडेल, जिल्ला सदस्य सन्तोष कार्की, कमल-५ का पार्टी अध्यक्ष खड्गबहादुर श्रेष्ठ लगायतका नेताकार्यकर्ताको उपस्थिति रहेको थियो ।

राजसंस्थासहितको हिन्दु राष्ट्रको वकालत गर्दै आएको राप्रपाले कमलमा सांगठानिक विस्तार गर्दै धमाधम सातवटा वडामा पार्टी गठनसँगै विभिन्न अभियान सञ्चालन गर्दै आएको पार्टी परिचालन तथा अनुगमन समितिका संयोजक दिपक खरेलले जानकारी दिए । उनले महिना दिनभित्रमा कमलभित्र पार्टी संगठन निर्माण गरिसक्ने बताए ।

झापा गाउँपालिकाको लकडाउन खुकुलो

कुमरखोद (प्रस) । झापा गाउँपालिकाले लकडाउनलाई केही खुकुलो बनाएको छ । गाउँपालिकाले भदौ १० गतेदेखि पटकपटक आंशिक रुपमा लकडाउनलाई निरन्तरता दिदै आएको छ । असोज १५ गतेसम्म लम्वाएको लकडाउनलाई केही खुकुलो बनाइएको हो । अब बिहानदेखि बेलुका ५ बजेसम्म पसल तथा हाटवजार खोल्न पाईने निर्णय गरिएको झापा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन निरौलाले जानकारी गराएका छन् ।

झापा गाउँपालिका अध्यक्ष जयनारायण शाहको अध्यक्षतामा बसेको सर्वपक्षीय छलफलले लकडाउनलाई खुकुलो बनाएर असोज १ गते देखि १५ गतेसम्म बिहानदेखि दिउँसो ५ बजेसम्म सम्पूर्ण पसल र हाटबजार खुल्ला गर्ने निर्णय गरेको छ भने मेडिकलको हकमा दिनभरि खुल्ला रहने छ ।

झापा गाउँपालिकाभित्र कोरोनाका कारण यदि कसैको मृत्यु भएमा शवलाई व्यवस्थापन गर्नका लागि रानीवनको उपयुक्त क्षेत्र छनोट गरी थप समन्वयका लागि रानीवन समितिसँग वडा नं ६ र ७ का अध्यक्षहरुलाई जिम्मेवारी दिएको, बजार व्यवस्थापन समितिहरुलाई अझ सक्रियतापूर्वक खट्न अनुरोध गरिएको , मास्क नलगाई हिड्ने जो कोहीलाई कार्वाही गर्न र जरिवाना लिन प्रहरी प्रशासनलाई निर्देशन दिएको प्रमुख प्रशासकीय अधिकृत निरौलाले जानकारी दिए ।

ग्राहक बनेका मन्त्रीलाई नै प्याज व्यापारीले ठगे

झापा (प्रस) । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट बुधबार बिहानै लगनखेलस्थित कृषि तथा तरकारी बजार पुगे । उनी प्याजमा तोकिएभन्दा चर्को मूल्य लिएको थाहा पाएपछि त्यहाँ पुगेका थिए । मन्त्रीले प्याज किन्न खोजे तर व्यापारीले सजिलै चिने ।

उद्योगमन्त्री भट्टसँग व्यापारीले भने, 'हामीलाई के भन्नुहुन्छ । हामीले प्याज ल्याउने बल्खु र कालीमाटी बजारबाट हो । त्यहाँ गएर सोध्नुस् न ।' त्यसपछि मन्त्री भट्ट मन्त्रीको गाडीमा नभएर अर्कै गाडीमा बल्खु पुगे । मुखमा मास्क थियो । नजिकै सुरक्षाकर्मी पनि थिएनन् ।

मन्त्रीले प्याज किन्न गोजीबाट पैसा झिके । ४८ रुपैयाँमा मिलिरहेको प्याज मन्त्रीसँग १२० रुपैयाँसम्म व्यापारीले लिए । उनले एक पसलबाट मात्रै होइन, २-४ पसलबाट प्याज किने । मन्त्री भट्टले हाँस्दै भने, 'मैले ५०/६० किलोसम्म प्याज आफैंले खरिदें । उनीहरुले चिनेनन् । व्यापारीले बदमासी गरेको पाइएपछि प्रहरी सक्रिय भयो । मैले स्थानीय प्रहरीसँग भने समन्वय गरेको थिएँ ।'

यसअघि बजारमा पर्याप्त उपलब्ध प्याज एकाएक अभाव भएको सूचना मन्त्रीसम्म पुगेको थियो । सोही सूचनाका आधारमा आफूले छड्के अनुगमन गरेको मन्त्री भट्टले जानकारी दिए । भारतले प्याजको निर्यात रोकेपछि नेपाली बजारमा प्याजको मूल्य आकासिएको छ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, झापा
प्रदेश नं १ नेपाल ।

बिर्तामोड नगरपालिकाको अनुरोध

आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु...

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई बिदितै छ । यस बिषम परिस्थितिमा पनि नगरपलिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ । कोभिड १९ को प्रकोपको न्यूनिकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन् । जसका कारण बिर्तामोड अरु पीलकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ । नगरले कोरोना प्रभाबितहरुका लागि क्वारेन्टाइन, आइसोलेसन र होम आइसोलेसनका प्रवन्ध गरेको छ ।

यतिबेला मुलुकका मुख्य सहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन् । यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन । स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन् । तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन ।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन । खासगरी बिर्तामोड एउटा ब्याबसायिक क्षेत्र भएका कारण आफ्नो पसल, ब्यबसाय र उद्योग संचालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ । अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ ।

तसर्थ,

-अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं
-माक्सको अनिबार्य प्रयोग गरौं, हात सफा राखौं
-टोल, समाज सफा राखौं, जथाभाबी फोहर मैला नगरौं
-नजिकिरहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं
-आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सर संगत नगरौं
-गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो ब्यबहार नगरौं
-कहीं कतै संक्रमणको जोखिम देखिएमा तत्कालै स्वास्थ्यकर्मीलाई सूचना दिऔं ।
-आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

धुबकुमार शिवाकोटी
नगरप्रमुख
बिर्तामोड नगरपालिका, बिर्तामोड (झापा)

प्रतिदिन

वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

राशिफल

मेष : आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ ।
वृष : बिछोडिएका परिवारजनसँग भेटघाट ,जमघटका बीच स्वादिष्ट भोजन लिने अवसर जुट्नेछ ।
मिथुन : अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।
कर्कट : आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ।
सिंह : प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ।
कन्या : अरूका लागि बुद्धि खर्चनुपर्ला। आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन्।
तुला : प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ।
वृश्चिक : मित्रता र प्रेमको बन्धन कसिनेछ। सोखले जोखिम बढाउन सक्छ।
धनु : मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
मकर : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला।
कुम्भ : अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ।
मीन : साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना- प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरू: इटहरी/विराटनगर : ९८४२०९२४०६, दमक : विष्णु सुब्बा ९८५२६७०१३७, चारआली : ९८४२७०३०१३, धुलाबारी : गोबिन्द घिमिरे ९८१५९५०१५०, भद्रपुर : लोकबहादुर कुँवर ९८४२६८३९९६, अर्जुनधारा : भीम बराल ९८४४६२५३३५